**नेपाल सरकार**

# राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

**सानोठिमी, भक्तपुर**

## माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसइइ) २०७९ मा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम भर्ने भराउने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०७८ असोज १५

२०७८ सालको शैक्षिक सत्रमा कक्षा ९ मा साधारण तथा प्राविधिक धारतर्फ अध्ययनरत विद्यार्थीहरुले २०७९ सालको नियमित एसइइ परीक्षामा समावेश हुनका लागि तथा खुला तथा अनौपचारिक प्रौढ विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले २०७८ सालको नियमित एसइइ परीक्षामा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम २०७८ आश्विन १५ देखि २०७८ कार्तिक मसान्त भित्र भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा शाखा, शिक्षा विकास तथा समन्वय इकाई, राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय तथा प्रदेशका शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यालयहरुमा हाल कक्षा ९ मा अध्ययनरत साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुका लागि**

क) हाल कक्षा ९ मा नियमित विद्यार्थीको रुपमा अध्ययनरत साधारण र प्राविधिक धारतर्फ समेतका विद्यार्थीहरुले शैक्षिक सत्र २०७७ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८)को प्रमाणपत्र (**सबै अनिवार्य विषयमा डी प्लस (D+) ल्याएको**) र जन्मदर्ता प्रमाणपत्रको (प्रधानाध्यापकबाट प्रमाणित) प्रतिलिपि संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो निर्दिष्ट स्थानमा टाँसी **२०७८ आश्विन १५ देखि २०७८ कार्तिक मसान्त भित्र** राजश्व शुल्क सहित आफू अध्ययनरत विद्यालयमार्फत फाराम भरी बुझाइ सक्नुपर्नेछ ।

ख) सम्बन्धित विद्यालयहरुले आफ्नो विद्यालयमा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुको नामथर, जन्ममिति, आमा बाबुको नाम ठीकसँग भरे नभरेको रुजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी **२०७८ मंसीर १० गते भित्र** राजश्व शुल्क सहित उक्त फाराम शिक्षा विकास तथा समन्वय इकाईमा बुझाइ सक्नुपर्नेछ ।

ग) प्राविधिक धारतर्फका विद्यालयहरुले समेत उल्लेखित मितिभित्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ । प्राविधिक धार तथा साधारण तर्फका विद्यार्थीहरुको लागि नीलो (आकाशे) रंगको फाराम एउटै रहेको छ । रजिष्ट्रेशन फाराम शिक्षा विकास तथा समन्वय इकाईबाट उपलब्ध हुनेछ ।

**२. खुला वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि**

क) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन निर्देशिका (संशोधन सहित) २०६३ को दफा १५ र १७ अनुसार भर्ना भई अन्य कुरा निर्देशिकाले तोकेको सबै सर्तहरु पूरा गरी सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो निर्दिष्ट स्थानमा टाँसी फाराम भरी **२०७८ कार्तिक मसान्त** भित्र तोकिएको राजश्व दस्तुर सहति सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्नेछ । खुला वैकल्पिक तर्फका विद्यार्थीहरुले निर्देशिका वमोजिम कक्षा ८ वा सो सरहको परीक्षा उत्तीर्ण गरी दुई वर्ष पुगेको (**शैक्षिक सत्र २०७५ वा सो भन्दा पहिले**) निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको (**प्रमाणपत्र जारी गर्ने निकायबाट यो सूचना प्रकाशित भए पछि भेरिफिकेशन गरिएको**) र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (**निर्देशिका वमोजिम भर्ना भएको वर्षको चैत्र मसान्त भित्र १६ वर्ष पुग्ने उमेरको**) प्रधानाध्याकपबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ । अनौपचारिक प्रौढ विद्यालय वा खुला वैकल्पिक विद्यालयको बारेमा इकाईहरुले विद्यालयको अनुमतिपत्र लगायत अन्य कागजात हेरी निर्देशिका वमोजिमको विद्यार्थी भए नभएको एकिन गर्नु पर्नेछ ।

ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै शर्तहरु पूरा गरी सम्बन्धित प्राधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो निर्दिष्ट स्थानमा टाँसी फाराम भरी **२०७८ कार्तिक मसान्त** भित्र तोकिएको राजश्व दस्तुर सहित सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्नेछ ।

ग) खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरुले रजिष्ट्रेशन र आवेदन फाराम दुबै भर्नुपर्नेछ ।

३. यो फाराम साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुले एसइइ परीक्षा २०७९ मा र खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालय तर्फका विद्यार्थीहरुले २०७८ सालको एसइइ परीक्षामा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भरिने भएकाले यो फाराम नभर्ने विद्यार्थीहरुले उक्त सालको एसइइ परीक्षामा सामेल हुन पाउने छैनन् ।

४. फाराम भर्ने विद्यार्थीहरु २०७९ सालको एसइइ परीक्षामा सम्मिलित हुँदा शिक्षा नियमावली २०५९ (संशोधन सहित)को नियम ७८(६) वमोजिमको उमेर (**२०६५ साल चैत्र मसान्त सम्मको जन्ममिति भएको**) पुगेको हुनु पर्नेछ ।

५. **रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु ३००।-** तोकिएको छ । सबै विद्यालयहरुले विद्यार्थीले भरेको फाराम रुजु गरी रजिष्ट्रशन दस्तुर समेत २०७८ मङ्सिर १० गते भित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा बुझाउनु पर्नेछ । साथै सबै शिक्षा विकास तथा समन्वय इकाईहरुले जिल्ला भित्रका सबै विद्यालयहरुको फाराम प्राप्त भए नभएको राम्रोसँग रुजु गरी फाराम साथ विद्यालय मार्फत प्राप्त रजिष्ट्रेशन शुल्क **२०७८ मङ्सिर २५ गते** भित्र बैंक दाखिला गरिसक्नुपर्नेछ । उक्त परीक्षा दस्तुर **राजश्व खाता नं. १४२२३** मा दाखिला गर्नुपर्नेछ ।

६. विलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था नगरिएको हुँदा उक्त म्याद भित्र फाराम भरी भराइ सक्नुपर्नेछ ।

७. गत वर्ष कक्षा ९ मा रजिष्ट्रेशन फाराम भरी बुझाएका विवरणहरु सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईहरुले २०७८ आश्विन १० गतेदेखि अनलाइन इन्ट्री कार्य गर्नुपर्ने छ । यसका लागि अनलाइन इन्ट्री गर्ने system खुला गरिसकिएको छ । उक्त इन्ट्री कार्य सम्पन्न गरी सम्बन्धित विद्यालय मार्फत विवरण रुजु गराई electronic copy २०७८ मङ्सिर मसान्त भित्र राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा पठाइसक्नु पर्नेछ ।

**नोटः विद्यार्थीले रजिष्ट्रेशन फाराम भर्दा आफू नियमित रुपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नुपर्नेछ । एक भन्दा बढि विद्यालय/जिल्ला/स्थानबाट भरेको पाइएमा दुबै तर्फको फाराम स्वतः रद्द हुनेछ । दोहोरो रजिष्ट्रेशन भर्ने भराउने कार्य नगर्नु नगराउनुहुन र सो कार्य अटेर गरी गरेमा पछि परीक्षा रद्द हुनेछ र सो कार्यमा संलग्नलाई कारवाही गरिनेछ ।**

**यस सम्बन्धी सूचना एवम् अन्य जानकारीका लागि राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोन नं. ०१-६६३०८१९, ०१-६६३००७० मा सम्पर्क गरेर वा www.see.gov.np हेरेर प्राप्त गर्न सकिनेछ ।**

नियन्त्रक